आज मिति २०७७।०९।१२ गते आईतबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री रेशम थांपाज्यूको अध्यक्षता देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रेशम थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री खडानन्द बेल्वासे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री भोजराज खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री बालकृष्ण बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री वावुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री तुल्सीराम वेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री झविलाल बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री तारा बहादुर मल्ल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री नारायण प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री शान्ता खनाल | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री लक्ष्मी वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री कमला जि.एम. (थापा) | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री बसन्ता क्षेत्री | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री राम बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | श्री मधु नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | श्री कृष्णबहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री लिल बहादुर राउत क्षेत्री | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | श्री तुबलाल सापकोटा | शिक्षा शाखा प्रमुख | | |
| २३. | श्री हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | | |
| २४. | श्री देब बहादुर थापा | अ.हे.ब. अधिकृत | | |
| २५. | श्री राम बहादुर थापा | कृषि शाखा | | |
| २६. | श्री जुना पाण्डे | लेखा अधिकृत | | |
| २७. | श्री शेषकान्त घिमिरे | कम्प्यूटर अपरेटर | | |
| २८. | श्री अशोक खनाल | प.स्वा.प्रा. | | |

**प्रस्तावहरु**

**१. आठौ नगरसभा सम्बन्धमा ।**
**२. नागरिक आरोग्य केन्द्र स्थापना सम्बन्धमा ।**
**३. कार्यक्रम संचालन एवं कार्यान्वयन कार्यविधी तथा निर्देशिका सम्बन्धमा ।**
**४. गत आर्थिक वर्षको भुक्तानी सम्बन्धमा ।**
**५. नुवाकोट माध्यमिक विद्यालय चिदिचौरको कक्षा थप सम्बन्धमा ।**
**६. गरिबसंग विश्वेश्वर कार्यक्रम सम्बन्धमा**
**७. सामुदायिक भवन सम्बन्धमा**
**८. प्रधानमन्त्री रोजगार संयोजक पदको पदपूर्ति समिति सम्बन्धमा ।**
**९. उपभोक्ताको फिर्ता चेक भुक्तानी सम्बन्धमा ।**
**१०. झोलुंगेपुल सिफारिश सम्बन्धमा ।**
**११. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।**
**१२. विविध ।**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा भुमिकास्थान नगरपालिकाको आठौ नगरसभा मिति २०७७/०९/२९ गते बुधबार ११।०० बजे नगरपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा अर्घाखांची आयुर्वेद स्वास्थ्य केन्द्र, सन्धिखर्क, अर्घाखांचीको च.नं. ६९, मिति २०७७/०६/२९ को पत्रबाट माग भए बमोजिम नगरपालिका भुमिकास्थान नगरपालिकाको वडा नं. ८ मा नागरिक आरोग्य केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा भुमिकास्थान नगरपालिकाको विधायन समिति मार्फत सिफारिश भै आएका तपसिल बमोजिमका कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

क) खरको छाना विस्थापन तथा अति विपन्न परिवारका लागि जस्तापाता वितरण कार्यविधि, २०७७
ख) आय आर्जन कार्यविधि, २०७७
ग) बाख्रा प्रवर्धन कार्यक्रम कार्यविधी, २०७७
घ) व्यवसायिक कृषि तथा पशुपंक्षि पालन व्यवसायका लागि ब्याज अनुदान कार्यविधी, २०७७
ङ) वीउ वीजन तथा प्लासटिक टनेल अनुदान सम्बन्धि कार्यविधी, २०७७मा
च) सामुदायिक विद्यालयमा करारमा शिक्षक, विद्यालय कर्मचारी र बालविकास स.का. छनोट सम्बन्धी कार्यविधि, २०७७
छ) सामुदायिक विद्यालयमा मास्क वितरण सम्बन्धी कार्यविधि, २०७७

**निर्णय नं. ३ ख) :** भुमिकास्थान नगरपालिकामा विभिन्न कार्यविधी निर्देशिकाहरुको मस्यौदा तयार गर्नको लागि निम्नानुसारको कार्यविधी निर्देशिका मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक : प्रमुख प्रशासकीय अधिकृत, भुमिकास्थान नगरपालिका
सदस्य : सम्बन्धित विषयको विषयगत समितिको संयोजक
सदस्य सचिव : सम्बन्धित विषयको शाखा प्रमुख
मस्यौदा समितिमा बढीमा २ जना बिषय विज्ञ आमन्त्रण गर्ने ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा भुमिकास्थान नगरपालिका, अर्घाखांचीबाट आर्थिक वर्ष २०७६/०७७ मा कार्यान्वयन हुने गरी सम्झौता भएका विभिन्न आयोजनाहरु विश्वव्यापीरुपमा फैलिएको कोभिड १९ को कारण नेपालमा भएको बन्दाबन्दीले गर्दा समयमा सम्पन्न हुन नसकेकोमा मिति २०७७/०३/०९ गतेको कार्यपालिकाको बैंठकबाट म्याद थप गर्ने निर्णय भएको । सोही बमोजिम सम्बन्धित व्यवसायीहरुबाट म्यादथपको लागि कार्यसम्पन्न जमानत माग भएकोमा म्यादथपको लागि कार्यसम्पादन जमानत प्राप्त भएको । म्यादथपको कार्यसम्पादन जमानत बमोजिम म्याद थप गरिएका ठेक्का नं. 01/BMA/W/BT/2076/077, 14/BMA/W/BT/2076/077, 15/BMA/W/BT/2076/077, 18/BMA/W/BT/2076/077, 22/BMA/W/BT/2076/077, 23/BMA/W/BT/2076/077, 33/BMA/W/RM/2076/077, 35/BMA/W/B/2076/077, 44/BMA/W/SB/2076/077, 49/BMA/W/RM/2076/077, 50/BMA/WB/SB/2076/077 संग सम्बन्धित आयोजनाहरुको भुक्तानी गर्नको लागि आर्थिक वर्ष २०७७/०७८ को सातौ नगरसभाबाट वार्षिक नगरविकास योजनाको पेज नं. ४४ को क्र.सं. १ मा **आ.व. २०७६/०७७ मा सम्पन्न नभई २०७७/०७८ सम्म म्याद थपभएका आयोजनाहरुको लागि** विनियोजित बजेट रु. १,०५,००,०००।-, आर्थिक वर्ष २०७६/०७७ मा खर्च नभई बचत रकम रु. २,००,००,०००। गरी जम्मा ३,०५,००,०००।- बाट माथि उल्लेखित ठेक्का नं. संग सम्बन्धित योजनाहरुमा भुक्तानी गर्ने गरी तपसिलका योजनाहरुमा देहायबमोजिमको बजेट आठौं नगरसभाबाट अनुमोदन गर्नेगरी विनियोजन गर्ने निर्णय गरियो । साथै उल्लेखित योजनाहरुमा अपुग हुने बजेटको हकमा आगामी कार्यपालिकाका बैंठकहरुबाट श्रोत पहिचान गरि थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | ठेक्का नं./आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | धारापानी– ढाकावाङ सडक/ घाटाखोला राजिमे सडक स्तरोन्नति | १३९००००० |
| २ | नुवाकोट खिल्जी असुरकोट /बांझाखकै– जोगिटारी सडक स्तरोन्नति | १२८००००० |
| ३ | पिपलनेटा– गिठाखोला– साम्नेगाउं सडक स्तरोन्नति | १९००००० |
| ४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, वडा नं. ३ | १९००००० |
| | जम्मा | ३०५००००० |

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भुमिकास्थान नगरपालिकाको वडा नं. ७ मा रहेको नुवाकोट माध्यमिक विद्यालय चिदिचौरलाई शैक्षिक सत्र प्रारम्भ भएको मिति देखि लागु हुने गरि कक्षा १२ संचालनको अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा आर्थिक वर्ष २०७७/०७८ को लागि स्वीकृत गरिवसंग विश्वेश्वर कार्यक्रमबाट कार्यक्रम संचालनको लागि विनियोजित बजेट रु. ३,००,०००। बजेटबाट हुने गरि उक्त कार्यक्रम लागु भएका वडाका संगठित समूहबाट मागभई आएका देहायका योजना तथा कार्यक्रमहरुमा निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | अदुवा तथा बेसार खेति कार्यक्रम, भुनपा वडा नं. ९ | १,५०,००० | |
| २ | बाखाखोर सुधार कार्यक्रम, भुनपा वडा ७ र ८ | १,५०,००० | |
| | **जम्मा रकम रु.** | ३,००,००० | |

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा भुमिकास्थान नगरपालिका वडा नं. ८ को पोखरीडाँडा लालिगुराँस सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक भवन निर्माण गरी उपभोग गर्नको लागि माग गरेको हुँदा उक्त भवन निर्माण पश्चात सोही सामुदायिक वन उपभोक्ता समितिलाई भवन हस्तान्तरण गर्ने गरी निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ को विषयमा छलफल गर्दा प्रधानमन्त्री रोजगार संयोजक पदको पदपूर्ति समितिको संयोजकमा कोष तथा लेखा नियन्त्रक कार्यालय, सन्धिखर्क अर्घाखांचीका प्रमुख कोष नियन्त्रक श्री राम बाबु पुरी, विषय विज्ञमा भुमिकास्थान नगरपालिकाका कार्यक्रम अधिकृत हरिश्चन्द्र भुसाल र सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृत श्री लिल बहादुर राउत क्षेत्रीलाई चयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा भुमिकास्थान नगरपालिका वडा नं. ४ को भुतकादुला खानेपानी योजनामा आर्थिक वर्ष २०७६।०७७ मा कार्यसम्पन्न भै रकम भुक्तानी भैसकेकोमा सम्बन्धित उपभोक्ता समितिले चेक साट्न भुल भई चेक फिर्ता भै कार्यालयमा आम्दानी बांदीएकोमा सोही बजेटबाट उक्त समितिलाई फिर्ता भएको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** सम्बन्धमा छलफल गर्दा भुमिकास्थान नगरपालिकाका विभिन्न क्षेत्रहरुबाट झोलुंगेपुल निर्माणको लागि माग भै आएकोमा माग बमोजिमका झोलुंगेपूल छनौट गरी ट्रेल ब्रिज सपोर्ट युनिट (TBSU) , नेपालगंजमा संम्भाव्यता अध्ययन लगायतका आवश्यक प्रक्रिया अगाडि बढाईदिनको लागि गत वर्ष सिफारिश भै कार्यप्रारम्भ नभएका र यस वर्ष हाल सम्म दर्ता भएका झोलुंगेपुलहरुलाई सिफारिश गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

प्रस्ताव नं.११ माथि छलफल गर्दा बैकिंङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरणको कार्य हाललाई भूमिकास्थान नगरपालिका वडा नं.८ को सेन्चुरी कमर्सीयल बैंक, नुवाकोट शाखासँग सम्झौता गरी कार्य प्रारम्भ गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१२**

यस नगरपालिकाको स्वास्थ्य प्रयोगशाला वडा नं.६ को खिल्जीमा स्थापना गर्ने र संचालनका लागि कर्मचारी खटाउने एवं आवश्यक फर्निचर, ल्याब औजार लगायतका सामग्रीहरुको व्यवस्थापन स्वास्थ्य संस्था व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट नगरपालिकाले गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१३,**

यस नगरपालिका अन्तर्गत स्थापना भइ जनशक्ति व्यवस्थापन नभएका वडा नं.२, ३ र ७ मा संघीय सरकारको सशर्त अनुदानबाट कर्मचारी व्यवस्थापन गरी कार्य संचालन गर्ने निर्णय गरीयो ।